मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

प.सं. कृषि-०७७/७८

## नर्सरीको क्षमता अभिवृद्धि सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित मिति २०७७/०९/२३**

मन्थली नगरपालिकाको आ.व. ०७७/७८ को स्वीकृत सशर्त तर्फको कार्यक्रम अनुसार हाल सञ्चालनमा रहेका फलफुल नर्सरीको क्षमता अभिवृद्धिको लागि अनुदान कार्यक्रम रहेकोले यस कार्यालयमा सूचिकृत/अद्यावधिक भएका नर्सरी धनी कृषकहरुलाई यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयमा तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित यस कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ । म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**कार्यक्रम विवरण**

| क्र.सं. | कार्यक्रम | परिमाण | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | हाल भएका फलफुल नर्सरी क्षमताको अभिवृद्धि | १ वटा | १,५०,०००।- | बढीमा ५०% अनुदान |

**आवश्यक कागजातहरु:**

१. नर्सरीको प्रकार उल्लेख भएको कार्यक्रम माग गर्ने निवेदन।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि ।
३. मन्थली नगरपालिकामा सूचिकृत/अद्यावधिक गरेको प्रमाण पत्रको प्रतिलिपि ।
४. नर्सरी धनी कृषकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
५. कर चुक्ता सम्बन्धी कागजात ।
६. सामूहिक नर्सरीको हकमा संस्थागत निर्णय प्रतिलिपि ।
७. कार्यक्रममा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लेखित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
८. वार्षिक बिरुवा उत्पादन योजना र ब्यवसायिक योजना ।
९. आफ्नै स्वामित्वको जग्गा नभई करारमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको लागि भोग चलन गर्ने सम्झौता पत्रको प्रतिलिपि ।
१०.सिंचाई, बिजुली, सञ्चार, सडक एवं तालिम प्राप्त दक्ष जनशक्तिको विवरण ।
११.सुन्तलाजात फलफुलको हकमा समुद्री सतहबाट १२०० मिटर भन्दाको माथिको उचाई भएको क्षेत्र ।
१२.जालीघरमा भए २ रोपनी र खुला जग्गामा भए ५ रोपनी जग्गामा नर्सरी स्थापना गरेको विवरण ।
१३.कम्तिमा १०,०००।- फलफुल बिरुवा उत्पादन क्षमता रहेको विवरण ।

पुनश्चः नर्सरीमा बिरुवा उत्पादन सम्बन्धी तालिम लिएका र कृषि विषय अध्ययन गरी नर्सरी स्थापना गरेकालाई प्राथमिकता दिइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत